

# नेपालमा वातावरणीय न्याय सम्बन्धी कानूनी अधिकार र अदालतको भूमिका

अधिवक्ता : पदमबहादुर श्रेष्ठ

**विषय प्रवेशः**

वातावरण मानिसको एक अभिन्न अङ्ग भएकोले मानव जाती र वातावरणको सम्बन्धमा आजसम्म अटुट सम्बन्ध रही आएको छ । यसैले विधिशात्रीय क्षेत्रमा वातावरणीय न्याय र वातावररणीय कानून एउटा छुटै विधाको रुपमा स्थापना भएको देखिन्छ । यसलाई विश्वले आजसम्म स्वीकार गरी वातावरणीय विकास र न्यायको समुचित विकासको लागि राज्य र अन्तर्राष्ट्रिय सामुदाय समेत वातारवणको अधिकार सुनिश्चित गर्न लागि परेको देखिन्छ। यसको उदाहरणको रुपमा सन् १९७० को दशक देखि वातावरण संरक्षणको विषयको शुरुवात भै जुन ३-१४, १९७२ को स्टकहोममा भएको संयुक्त राष्ट्र संघीय सम्मेलनले २६ सिद्धान्त घोषणा गरि अन्तर्राष्ट्रिय रुपमा नै मानवीय वातावरणको सिद्धान्त (Humant Enviroment) स्थापना गरिएको छ। त्यसपछि जुन ५-१६, १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा भएको वातावरण र विकास (Enviroment & Development) सम्बन्धी दोस्रो महासम्मेलनमा विश्वका १७८ राष्ट्रले भाग लिई ५ वटा विशेष उपलब्धिहरु र २७ वटा सिद्धान्तहरु भएको रियो घोषणा पत्र पारित गरियो[१]। जसलाई हामी अन्तर्राष्ट्रिय वातावरणीय सिद्धान्त र वातावरणीय न्यायको क्षेत्रमा भएको महत्वपुर्ण उपलब्धि मान्न सक्छौं । यसपछि निरन्तर रुपमा प्रत्येक राष्ट्रले वातावरणीय न्यायको सवालमा विभिन्न किसिमले कामगरि आएको देखिन्छ ।

**वातावरण र वातावरणीय कानूनको परिचय :**

वातावरणको विषयमा छलफल गर्दा यसको एउटै मात्र अर्थ लगाउन सक्ने अवस्था छैन । Albert einsteinn ले वातावरण भनेको " Enviromet is everything that is not me" भनि भनेको पाईन्छ। आफु वाहेकका अन्य सवै चिजवस्तुहरु वातावरण हो भन्दै वातावरणको व्यापक अर्थमा परिभाषा गरिएको छ तर नेपालको सन्दर्भमा वातावरण संरक्षण ऐन २०५३ को दफा २(क) मा वातावरण भन्नाले प्राकृतिक, साँस्कृतिक र सामजिक प्रणालीहरु, आर्थिक तथा मानवीय कियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरकिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ भन्ने उल्लेख छ जस्को आधारमा वातावरण एउटा अलग विषय वस्तु नभै अनेकन विषयहरुको संगम हो भन्ने बुझिन्छ । जसलाई छुट्याएर व्याख्या र परिभाषा गर्न सकिदैन, ति सबैको विच सम्बन्ध र अन्तरक्रियाको अवाश्यकता रहेको छ र रही रहनेछ । यस्तै भारतको वातावरण संरक्षण ऐन १९६८ को दफा २(१) मा "Environment means includes water,air,

---

१। डा. प्र.अम्बर प्र.पन्त “वातावरण कानूनको विकासमा सर्वोच्च अदालत भूमिका” कानून अंब ५० पृ.१३

and land and inter- relationship which exists among and between water, air, land, humanbeings and other living creatures, plant micro- organisms and properities" भनि उल्लेख भएको छ । बेलायतको वातावरण संरक्षण ऐन १९९० को दफा १(२) ले प्राकृतिक एवं निर्मित संरचना भित्र, बाहिर एवं जमिनमुनी माथि हावा, पानी जमिनको संम्योजनलाई वातावारण भनी परिभाषा गरिएको छ । यसरी हेर्दा नेपाल भन्दा अलिन छुट्टै तथा व्यापक रुपमा वातावरणको परिभाषा गर्न खोजिएको छ । यसरी नै Black's law distionery "Environment as the totalities of Physical ,Economic, Cultural,aesthetic and social circumstances & factors which surround and affect of desirable value of property and which also surround & the quality of people's life" भन्ने उल्लेख छ । माथिको परिभाषाको अध्ययन गर्दा भारतको वातावरण कानूनले व्यापक अर्थमा वातावरणको परिभाषा गरेको देखिन्छ जे भए पनि स्वाच्छ वातावरण हाम्रो लागि आवश्यकताको विषय वस्तु मात्र होईन नभई नहुने तत्व हो भन्ने कुरामा कुनै पनि देशको कानूनी व्यवस्था दुईमत भएको छैन । यसर्थ यसलाई गहन अध्ययन तथा अनुसन्धान गरी वातावरणको संरक्षण गर्नु आजको आवश्यकता हो ।

माथि उल्लेख भएको परिभाषा हेर्दा वातावरणीय कानून बुझ्न निकै सरल छ तर यसको कार्यान्वयन पक्ष जटिल छ । यति हुँदा हुँदै पनि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नै वातावरण कानूनको अध्ययन अनुसन्धान नभएको होइन तर यसलाई गहन रुपमा वुझ्नको लागी वातावरण कानून के हो भन्ने विषयमा चर्चा गर्नु पर्ने हुन्छ । यस सन्दर्भमा विभिन्न विद्वानहरुले आफ्नो आफ्नो तर्क र परिभाषा गरेको पाईन्छ । यसर्थ वातावरण कानूनको परिभाषामा एकरुपता छैन यस्तै प्रोफेसर हलैण्डले वातावरणीय कानून भन्नाले व्यवहारको सामान्य नियम हो भनेको छन् । यसरी नै Caring for the earth summit ले 'Environmental law, in its broadest sense, is an essential tool for achievining sustainability. It requires standards of social behavior and gives a measure of permanency to politics. Environment law is based in turn on scientific understanding and a clear analysis of social goals, should set out rules for human being conduct which, if followed, should lead to communities living within the capacity of the earth". भनि वातावरण कानूनको व्यापक परिभाषा गरिएको छ, जुन आज सम्म पनि स्थापित रहेको छ ।

नेपालको सन्दर्भमा वातावरणीय कानून भन्नाले वातावरणीय कानून प्रणाली भित्र अनिवार्य तत्वको रुपमा राज्यले बनाएका ऐन, नियम, निति र सर्वोच्च अदालतले फैसलाको क्रममा वातावरण कानूनको विषयमा स्थापित गरेको सिद्धान्त (नजिर) हरुको संगालो लाई नै वातावरण कानून मान्न सकिन्छ । यसको इतिहास हेर्दा केही आसालाग्दा कानूनहरु भएतापनि त्यसको कार्यान्यवनको अवस्था कमजोर रहेको विगत देखि हाल सम्मको अध्ययनबाट देखिन्छ ।

वातावरण कानूनको चर्चा परिचर्चा गर्दा मुलुकी ऐन १९१० मा "रुख काट्नेको महल" मुल कानूनमा उल्लेख गरि वातावरणको पक्षमा कानूनको ईतिहास शुरु गरिएको पाईन्छ । यसरी हाल कायम रहेको २०२० सालको मुलुकी ऐनमा अदालती बन्दोबस्तको १० नं. ले वातावरण संरक्षण सम्बन्धी मुद्दाहरु अदालतको अनुमती लिई कुनै पनि नागरिकले अदालतमा प्रवेश गर्न पाउने कानूनी व्यस्था भएकोले वातारण संरक्षणमा सवै नागरिकको कानूनी अधिकार स्थापित गरिएको छ भन्ने प्रमाणीत हुन्छ ।

नेपालको पहिलो संविधान २००४ को बैधानिक कानूनले समेत गाउँ सरहको सरसफाई, ढल बनाउने शिर्षक सविधानमा नै राखि वातावरण कानून र यसको संरक्षणमा जोड दिएको देखिन्छ । अन्तरिम शासन विधान २००७ ले कलात्मक ऐतिहासिक महत्वका बस्तु र त्यस्तो स्थानको संरक्षण, प्रवर्द्धन गर्नु पर्छ भन्ने कानूनी व्यावस्था गरि वातावरणको संरक्षण गरिएको थियो । नेपाल अधिराज्यको संविधान २०१९ ले प्राकृतिक श्रोत तथा सम्पदालाई न्यायोचित परिचालन गर्ने गरि भएको व्यवस्थाले यसको समुचित प्रयोगलाई जोड दिएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ मा देशको प्राकृतिक श्रोत तथा सम्पदाको राष्ट्रिय अनूकुल उपयोग र परिचालन गर्ने, बन्यजन्तु र बनस्पतिको विशेष संरक्षण गर्ने जस्ता संवैधानिक व्यवस्थाले अन्य कुराको साथै वन्यजन्तु र वनस्पतिको संरक्षणको कानूनी व्यवस्थामा थप गरिएको थियो । हाल वहाल रहेको नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक हक सम्वन्धि महलको धारा १६ मा प्रत्येक व्यक्तिलाई स्वथ्य र स्वाच्छ वातावरणमा बाँच्ने हक हुनेछ भनी वातावरणीय विषयलाई मौलिक हकमा स्थापित गरिएको छ । यसरी नै धारा ३५(५) मा वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नु पर्ने दायित्व राज्यको हो भनी उल्लेख गरी वातावरणीय विकासको थालनी र जनताले स्वस्य वातावरण पाउने अधिकारको संवैधानिकरुपमा नै व्यवस्था गरि वातावरण कानून र न्यायको सवालमा राज्य स्पष्ट भएको पाईन्छ । यसरी नै वातावरण संग सम्वन्धित ऐनहरुको विषयमा छलफल गर्दा सवै भन्दा पुरानो र एउटा छुटै ईतिहास बोकेको कानून प्राचीन स्मारक संरक्षण ऐन २०१३ लगायत अन्य वातावरणसंग सम्वन्धीत रहेको ऐनहरुमा जलचर संरक्षण ऐन १०१७, र बन ऐन २०१८, खारेज भै अर्को नयाँ आएको, यस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, भू-तथा जलाधार संरक्षण ऐन २०३९, विरुवा संरक्षण ऐन २०४०, खानी तथा खनिज पदार्थ ऐन २०४२, बन ऐन २०४९, जल श्रोत ऐन २०४९, सवारी तथा यातयात व्यवस्था ऐन २०४९, फोहोर मैला व्यवस्थापन ऐन २०६८, विद्युत ऐन २०४९, पशु बधशाला र मासु जाँच ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, स्थानीय स्वायत शासन ऐन २०५५, विषादी ऐन २०४८, वातावरण संरक्षण ऐन २०५३ लगायत लगभग ११४ वटा कानूनहरु रहेका छन् । संविधान, मुलुकी ऐन, ऐन र

नियमावालीहरुले नेपालमा वातावरण सम्बन्धी कानूनहरुको स्थापना भै निरन्तर रुपमा कार्यावाही र कार्यान्वयन भै रहेकोछ तर भएका कानूनहरुले प्रभावकारी भुमिका खेन्नु पर्ने हो सोको पुर्ण रुपमा भुमिका निवाह गर्न सकेको छैन ।

उपरोक्त आधारवाट वातावरण कानूनको स्थापना र विकास भएको पाईन्छ तर ति कानूनहरुको सही प्रयोग गर्न सकेमा मात्र वातावरणीय ह्रास हुनबाट बचाई हामी मानव स्वंम पनि स्वच्छ वातावरणमा बाँच्न र बचाउन सक्ने अवस्था रहन्छ । यसै सन्धर्भमा वातावरण कानूनको छाता कानूनको रुपमा वातावरण संरक्षण ऐन २०५३ र नियमावाली २०५४ को विषयमा चर्चा गर्दा आर्थिक विकास र वातावरण संरक्षण बीचको सम्बन्धबाट नै दिगो विकास हुने, वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु बनस्पती र प्रकृतिको समेत नष्ट हुने भएकोले वातावरण संरक्षण गर्नु पर्ने आजको आवश्यता छ भनि प्रस्तवानामा नै उल्लेख भएको छ । यसरी वातावरण संरक्षण ऐन २०५३ मा वातावरणसँग सम्बन्धीत विषयबस्तुको परिभाषा र प्रारम्भिक वातावरणीय परिक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने, प्रदुषण रोकथाम तथा नियन्त्रण, वातावरण निरिक्षक तोक्ने, राष्ट्रिय सम्पदाको संरक्षण, वातावरण संरक्षण क्षेत्रको घोषणा, वातावरण प्रयोगशालाको स्थापना, वातावरण विनास र ह्रास गर्नेबाट क्षतिपूर्ति दिलाउने र दण्ड सजाय समेतको व्यवस्था गरिएको छ । यसरी वातावरण संरक्षण ऐनले गरेको कानूनी व्यवस्थाको सही प्रयोग भएमा वातावरण संरक्षणको क्षेत्रमा उल्लेखनीय टेवा पुग्ने अवस्था छ । यस्तै वातावरण संरक्षण नियमावली २०५४ ले वातावरण संरक्षण ऐन २०५३ लाई व्यवस्थित गर्न कार्याविधिगत स्पष्टता ल्याउनुको साथै कार्यान्वयनमा जोड दिएको छ ।

**वातावरणीय न्याय :**

वातावरणीय न्यायको अध्ययन संकुचित र विस्तृत रुपमा गरिएको देखिन्छ । संकुचित अध्ययनमा वातावरणीय कानूनले निर्धारित न्याय सम्पदान गर्नुलाई वातावरणीय न्याय भन्ने बुझीन्छ भने विस्तृत अध्ययनमा वातावरणीय न्याय भन्नाले वातावरणीय कानून, नियम र राज्यको निति तर्जुमा, अदालतको फैसला कार्यान्वयन र कानून लागू गर्दा सबै जात जाती सस्कृति तथा विभिन्न आय स्तर भएका व्यक्ति वा समूदायहरुसँग निष्पक्ष, भेदभाव रहित एवं सबैलाई समान व्यवहार गर्ने कार्य नै वातावरणीय न्याय हो भन्ने वुझिन्छ ।[२] यस्तै वातावरणीय नीति, नियम तथा कानूनको तर्जुमा कानूनको कार्यान्वयन र प्रयोगमा सबै जातजाती, सस्कृति र आयस्तरका जनताको स्वाच्छ र समान व्यवहारलाई वातावरणीय न्याय भन्ने बुझीन्छ ।[३] विदेशी विद्वान Bunyan Bryant का अनुसार वातावरणीय न्याय भन्नाले

---

२। डा. तारा प्रसाद सापकोटा " बातावरणीय न्याय र नेपालमा भएका उपचारात्मक कानूनी व्यवस्था "कार्यपत्र

३। बातावरणीय मुद्दा सम्बन्धी कार्यसम्बन्धी दिग्दर्शन, न्याय मञ्च काठमाण्डौं २०६३ पृ.५

साँस्कृतिक मूल्य र मान्यता, नियम, नीति निर्णय र व्यवहार हो जसले दिगोरुपमा समुदायलाई सहयोग गर्दछ जहाँ जनता ढुक्क साथ उनीहरुको वातावरण सुरक्षीत र संरक्षित छ भनी अन्तरक्रिया गर्न सकुन् ।[४] यसरी वातावरणीय न्यायको विविध पक्षवाट अध्ययन गर्दा वातावरणीय न्याय प्रदान गर्नु राज्यको प्रमुख दायित्व रहेको पाईन्छ । त्यही वातावरणीय न्याय सुलभरुपमा प्रदान गर्नको लागि राज्यले कानून र निति, नियमहरु बनाई लागू गरेको पाईन्छ । यसको कार्यान्वयन कानून द्वारा अधिकार प्राप्त अधिकारी र अदालतका न्यायधिशहरुवाट सम्पादान गर्ने गरिन्छ । यसरी विश्लेषण गर्दा वातावरणीय न्यायलाई वातावरणीय मुद्दाको रोहमा आदलतवाट गरिने फैसला आदेश निर्णयहरुको संगालोको रुपमा बुझ्ने गरिन्छ तर वातावरणीय न्यायको सम्वन्ध केवल अदालतको फैसला र कार्यान्वयन सँग मात्र सम्बन्धित छैन बरु यो समग्र समाजमा गरिने सामाजिक न्यायको अवधारणासँग सम्बन्धित छ । यसको उदाहरणको रुपमा प्रत्येक व्यक्ति स्वच्छ वातावरणमा बाँच्न पाउनु, प्रत्येक जनताले प्राकृतिक श्रोतको समुचित बाडफाँडमा सहभागी हुनु, उसको वातावरणीय न्यायको अधिकार हो । यसरी वातावरणीय न्यायलाई वुझ्ने प्रयास गर्दा सबै नागरिकलाई समान व्यवहार गर्नु नै वातावरणीय न्यायको मूलमर्म हो, जस्को अभावमा वातावरणीय न्यायमा ह्रास आएको भन्ने बुझीन्छ । यसको साथै प्राकृतिक एवं मानव निर्मित वातावरणको उपभोग, व्यवस्थापन, वितरण र संरक्षणमा सबै जनताहरुको समान पहुँच हुनुपर्छ ।[५]

माथि उल्लेखित वातावरणीय न्यायको परिभाषाको साथै वातारणीय न्यायको अध्ययन गर्दा विश्वव्यापी रुपमा प्रचलनमा आएको सिद्धान्तहरुको पनि त्यति कै महत्व रहेको हुन्छ जसलाई नेपालको कानूनले र नेपाल सरकारले समेत मान्यता दिएको छ । संयुक्त राज्य अमेरिका र विश्वका अन्य देशहरुबाट वासिङटन डिसीमा भेला भएको "people of colour environmrntal leadership summit" ले २४ देखि २७ October १९९१ मा भएको सम्मेलन[६] बाट वातावरणीय न्यायका १७ वटा सिद्धान्त प्रतिपादन गरेको छ जसलाई आज सम्म पनि मान्यता दिई त्यसको कार्यान्वयनको लागी विश्वका विकसित र विकासोमुख देश समेत लागी परेको छ , जुन निम्न रहेको छ ।

- पृथ्वीको पवित्रता र सबै प्रजातिबीचको अन्तरनिर्भरता (Interdependence) तथा पर्यावरणीय एकताका साथै पर्यावरणीय विनाशबाट मुक्त रहन पाउने हक ।

---

४ । ऐ.ऐ. पृ.५
५। वातावरणीय मुद्दा सम्बन्धी कार्यसम्बन्धी दिग्दर्शन, न्याय मञ्च काठमाण्डौं २०६३
६. ऐ.ऐ. २०६३ (नेपालीमा उल्था छ.नं.को.पेज नं.७-९)

- सबैका लागि भेदभाव र पक्षतारहित परस्पर सम्मान र मान्यमा आधारित नीतिको विद्यमानता ।
- मानव तथा अन्य प्राणीको हितका लागि दिगोपनमा आधारित भूमि तथा अन्य नवीकरणीय स्रोतहरको नैतिक, सन्तुलित तथा बुद्धिमतापूर्ण उपयोग ।
- स्वच्छ हावा, पानी जमिन र खाद्यपदार्थ पाउनुपर्न मौलिक अधिकारको हनन गर्ने खालका आणविक परीक्षणबाट मुक्ति, बिषालु तथा हानिकारक पदार्थको उत्खनन्, उत्पादन तथा विसर्जन र आणविक परीक्षणबाट विश्वब्यापी संरक्षण ।
- सबै मानिसको राजनीतिक, आर्थिक, सांस्कृतिक र वातावरणीय आत्मनिर्णयको मौलिक अधिकार ।
- सबै प्रकारका बिषालु, हानिकारक र रेडियोधर्मी पदार्थबाट मुक्ति र विगत तथा वर्तमानका हानिकारक पदार्थका उत्पादकलाई जनताको वातावरण बिषमुक्त बनाउन र उत्पादनस्थलमा नै हानि नियन्त्रण गर्नका लागि उत्तरदायी बनाउन कठोर कानूनी संरचनाको ब्यवस्था ।
- आवश्यकताको पहिचान गर्ने अवस्थाादेखि योजनाको तर्जुमा कार्यान्वयन, सञ्चालन, मूल्याँडकन तथा अन्य कार्य गर्दा समेत सबै तहका निर्णय प्रक्रियामा समान साझेदारका रुपमा सहभागी हुने अधिकार ।
- असुरक्षित वातावरण वा बेरोजगारीमध्ये एकलाई रोज्नुपर्ने वाध्यता सिर्जना नगरी सबै मजदुरको सुरक्षित र स्वच्छ वातावरणीय कार्यस्थल पाउने अधिकारका साथै घरमे काम गर्नेका लागि पनि वातावरणीय हानिबाट मुक्त रहन पाउने हक ।
- वातावरणीय अन्यायबाट पीडित हुनेहरुको पूर्ण क्षेतिपूर्तिको अधिकार, क्षतिको मर्मतका साथै गुणस्तरीय स्वास्थय सेवाको अधिकार ।
- वातावरणीय न्यायविरोधी सरकारी कार्य अन्तर्राष्ट्रिय कानून, मानवअधिकारसम्वन्धी विश्वब्यापी घोषणपत्र तथा आमहत्याविरोधी संयुक्त राष्ट् सङघीय महासन्धिको उल्लंघन हो भन्ने ठहर ।
- सन्धि, सम्झौता, अनुबन्ध तथा अन्य दस्तावेजका माध्यमबाट रैथाने जातिको आआफ्ना राष्ट्रसंगको प्रकृतिक तथा विशेष कानूनी सम्बन्ध रहेको वास्तविकतालाई मान्यता प्रदान ।
- सहरी तथा ग्रामीण पर्यावरणीय नीतिले सहर तथा ग्रामीण क्षेत्रहरुको प्रकृतिसंग तालमेल खाने गरी स्वच्छता कायम गर्ने तथा पुनः स्थापना गर्ने नीति लिनु पर्ने र त्यसो गर्दा सबै

समुदायको सांस्कृतिक पूर्णताको सम्मान र सम्पूर्ण प्राकृतिक स्रोतसम्मको समान पहुँचको व्यवस्था ।

- सुसूचित सहमतिको सिद्धान्तको कडाइका साथ पालना र कालो वर्णका मानिसलाई प्रजनन्, औषधीजन्य तथा खोपको परीक्षण प्रक्रियामा प्रयोग गर्ने कार्यउपर  प्रतिबन्ध ।
- बहुराष्ट्रिय कम्पनीका विध्वंसकारी क्रियाकलाप सञ्चालन प्रक्रियाको विरोध ।
- भुमि, मानिस, संस्कृति तथा अन्य प्राणीमाथिको सैन्य कब्जा, दमन र शोषणको विरोध ।
- वर्तमान तथा भावी पिंढीका लागि वर्तमान पुस्ताका अनुभव र विविध सांस्कृतिक मान्यतालाई कदर गर्ने दृष्टिकोणमा आधारित सामाजिक र वातावरणीय पक्ष समेटिएको शिक्षाको आवश्यकता ।
- हरेकले आ आफ्नो  स्तरबाट नै पृथ्वीमा रहेका कमभन्दा कम स्रोतको उपभोग गरी कमभन्दा कम फोहोर गर्ने खालका उपभोग्य सामाग्रीको छनोटलाई प्राथकिमता दिनुपर्ने र वर्तमान तथा भावी पिंढीको भविष्यका लागि संसारको प्राकृतिक वातावरणको सुचिश्चिचचाका लागि हालको विध्वंसकारी जीवनसैलीलाई परित्याग गरी पुनः प्राथमिकता निर्धारणका लागि सुसूचित एर्व होसियारीपूर्ण निर्णय ।

माथि उल्लेखित भएका वातावरणीय न्याय सम्बन्धी विषय वस्तु अन्तर्गत रहेको परिभाषा र सर्वमान्य सिद्धान्तबाट के बुझीन्छ भनी वातावरणीय न्याय आजको आवश्यकता हो ।

**स्वच्छ वातावरणमा बाँच्ने अधिकार र बर्तमान अवस्था :**

प्रत्येक नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार नैसंगिक हक हो । त्यसको दायित्व सरकारले लिनु पर्छ भन्ने प्रत्येक नागरिकको माग रहि आएको छ तर आज सम्मको अवस्थालाई अध्ययन गर्दा हामीलाई त्यति विश्वास योग्य अवस्था भएको छैन तर माथि गरिएको अध्ययनबाट नागरिकलाई वातावरणीय हक विगतका संविधानमा प्रदान गरिएको अधिकार भन्दा केही स्पष्ट रुपमा हाल वहाल रहेको नेपालको अन्तरिम संविधान २०६३ को धारा १६ मा स्वच्छ वातावरणमा बाँच्न पाउने हक लाई मौलिक हकको महलमा राखी वातावरणीय अधिकारलाई जनताको मौलिक अधिकार हो भनि सुनिश्चित गरिएको छ । यसर्थ कानूनको नजरमा समान र समान रुपमा कानूनको प्रयोग गर्न पाउने प्रत्येक नेपाली जनताको अधिकार भएकोले वातावरणीय स्वच्छतामा निर्भिक रुपमा बाँच्ने सुव्यवस्था राज्यले गर्नुपर्छ । राज्यले निर्माण गरेको कानून बमोजिम वातावरणीय न्याय प्रदान गर्ने सवालमा राज्य वा अन्य निकाय वा व्यक्ति संघ-संस्थाले पालना नगरेको खण्डमा सम्बन्धित निकाय वा अदालतबाट समेत वातावरणीय न्यायका फैसला र भएका कानूनहरुको कार्यान्वयन, व्याख्या गर्न पाउने कानूनी व्यवस्था कानूनमा नै

उल्लेख गरिएको छ । यसरी हेर्दा वातावरणको विषय सम्पूर्ण समाज कै सरोकार राख्ने र नभई नहुने विषय भएकोले वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी संचालन गरिने कुनै पनि क्रियाकलापहरुलाई कानूनले दण्डनीय बनाएको छ अर्थात कसैले कसैलाई वातावरणीय दृष्टिकोणले आघात पुर्‍याउने कार्य गरेमा दण्डीत गराउने र क्षतिपूर्ति दिलाई भराउने सम्मको अधिकार राज्यको सम्बन्धित निकाय तथा अधिकारीहरुमा निहित भएकोले त्यसको कार्यान्वयन प्रति राज्यले उतरदायित्व वहन गर्नु पर्ने हुन्छ । तर जनताको वातावरिणीय न्याय प्रति सरकारले खासै चासो देखाएको हाम्रो अध्ययनमा पाईएको छैन यसको नगन्यरुपमा मात्र कार्यान्वयन भएको पाईन्छ ।

वातावरणीय न्यायमा जनताको अधिकार सुनिश्चत गर्ने राज्यको पहल महत्वपूर्ण रहन्छ भन्ने भनाई सम्पूर्ण जनता र वातावरण विज्ञहरुको एकमतको विचार रहेको छ यदि राज्यले आफ्नो दायित्व बोध नगर्ने हो भने नाममात्रको वा कागजी रुपमा मात्र वातावरणीय न्याय रहन्छ । यसरी हेर्दा वातावरणीय न्यायमा जनताको अधिकार संरक्षाण गर्नु राज्यको दायित्व हो त्यसवाट कुनै पनि हालतमा राज्य पछि पर्नु हुदैन भन्ने नै आम जनमानसको विचार रहेका पाईन्छ ।

यसरी वातावरणीय न्याय प्रदान गर्ने सवालमा वर्तमान अवस्थामा अध्ययन गर्दा यो निचोडमा पुग्न सकिन्छ कि वातावरणीय अन्यायमा परेको अवस्थामा जनता स्वयम् जागरुक हुनु पर्नेमा सो भएको देखिदैन । त्यसको मुल कारण के हो भने वातावरण सम्वन्धि भएको कानूनहरुको प्रचार प्रसार राज्य तर्फबाट प्रयाप्तमात्र नहुनु साथै भएका कानूनहरुको प्रयोग जनताले नगर्नू र वातावरणीय अन्यायमा परे पनि सही बस्नु आजको अवस्था रहेको छ । साथै आजसम्म भएको कानूनहरु कतिपय पुराना र समय सापेक्षित रहेको छैन त्यसलाई राज्यले समय समयमा परिवर्तन गर्दै लानु पर्नेमा त्यसो गरिएको छैन भने नेपाल पक्ष भएको सन्धि, महासन्धिहरुको सहि रुपले पालना गर्नु र सो बमोजिम राज्यको कानूनहरु परिवर्तन गर्न नसक्नु आजको वास्तविक अवस्था हो । कतिपय अवस्थामा सर्वोच्च अदालत लगायत अन्य अड्डा अदालतले गरेको फैसलालाई सरकारले र अन्य निकायहरुले स्वयं कार्यान्वयन नगरेको दृष्टन्ता प्रसस्त रहेको पाईन्छ । जसले गर्दा वातावरणीय न्यायको उपहास हुनको साथै बनेका कानूनहरु र अदालती फैसलाहरुले केवल कागजी वातावरणीय न्याय प्रदान गरेको ठहर्ने अवस्था विद्यमान रहेको छ । त्यस तर्फ सरकार र सम्वन्धित निकायको ध्यान यथोचितरुपमा गएको पाईदैन । यस कारणले जनताले प्राप्त गर्ने स्वच्छ वातावरणमा बाँच्ने अधिकार कुण्ठित हुने अवस्था सिर्जना भएको छ ।

**सर्वोच्च अदालतको फैसला र सरकारको दायित्व :**

मानवजाति, वन्यजन्तु लगायत अन्य वातावरणसंग सम्बन्धित विषयहरुमा वातावरणीय न्याय प्रदान गर्नको लागि सर्वोच्च अदालतको फैसलाहरुले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । उक्त भुमिकालाई वातावरणको क्षेत्रमा एउटा कोसेढङ्गको रुपमा लिन सकिन्छ । यसरी सर्वोच्चले फैसला गर्नुको पछाडी वातावरण संरक्षण र वातावरणीय न्याय प्रदान गर्नु नै मुल आशय हो । त्यसको मूलकारण प्रदुषित वातावरणमा मानवजातीको जीवन सम्भव छैन । यसर्थ वातावरण संरक्षण मानवजातिको बाँच्न पाउने अधिकारसँग प्रत्यक्षरुपमा गाँसिएको प्रश्न हो । यसको मूलमर्मलाई ध्यान दिई सर्वोच्च अदालत (प्रधान न्यायलय) ले २०१०।४।१४ मा देवलाल उपाध्याय वि. वुद्धिलाल गुभाजु समेतको भएको बम हानी माछा मारे भन्ने मुद्दामा अभियुक्तलाई ६/६ महिना कैद गरेको छ प्रधान न्यायलयको फैसलामा भनिएको छ कि बम हानी माछा मार्दा माछाको प्रजाति लोप हुने र पानी धमिलो हुने ठहर गरि वातावरणीय संरक्षणको क्षेत्रमा पहिलो पटक स्पष्ट कानूनको अभावमा समेत यस्तो फैसला भएको पाईन्छ । यस्तै सिंहवीर बुढा वि. मान विर बुढाको जग्गा दर्ता मुद्दामा बनजंगल व्यक्तिको नाउँमा दर्ता हुँदा जनतालाई परिमार्का पर्ने र पानी पर्न कमी हुने भएकोले व्यक्तिको नाऊमा दर्ता नगरि बनजंगल कायम गर्ने भन्ने मिति २०१०।४।२० को फैसला, काजि बहादुर दहिबजार वि. चन्द्र बहादुर दहीबजार भएको फोहोर मैला गरेको भन्ने मुद्दामा आजको मितिले ७ दिन भित्र दुवै जना मिली फोहोरमैला सफा गर्नु भनी मिति २०१२।१०।२ मा फैसला भएको छ । अधिवक्ता बालकृष्ण न्यौपाने वि. प्रधान मन्त्री गिरिजा प्रसाद कोइराला भएको परमादेश मुद्दामा प्राकृतिक श्रोत संरक्षण गर्ने गरी मिति २०४९।८।३० मा फैसला भएको छ । गोपाल सिवाकोटी वि. श्री ५ को सरकार भएको परमादेश मुद्दामा प्राकृतिक श्रोत राष्ट्रिय सम्पत्ति भएकोले प्रत्येक जनताले सूचना पाउने हक हुने छ भनी मिति २०५१।१।२४५ मा फैसला भएको छ । ज्ञानु चापागाई बि. भन्सार कार्यालय भैरवा भएको परमादेश मुद्दामा पुरानो गाडी झिकाउन नदिनु भनी मिति २०५१।४।१० को फैसला भएको छ । अधिवक्ता सूर्य प्रसाद ढुङ्गेल शर्मा वि. गोदावरी मारवल उद्योग प्रा.लि. समेत भएको परमादेश मुद्दामा स्वच्छ हावापानीमा बाँच्न पाउने अधिकार प्रत्येक व्यक्तिको भएकोले गोदावरी क्षेत्रका पर्यावण संरक्षणमा प्रभावकारी कदम चाल्नु भनि सरकारको नाउँमा आदेश दिने गरी मिति २०५२।७।१४ गते फैसला भएको छ । अधिवक्ता भरतमणी गौतम वि. श्री ५ को सरकार समेत भएको परमादेश मुद्दामा बागमती नदिमा ढल तथा फोहोर मिर्साइ प्रदुषण भएकाले सो प्रदुषण रोक्न सरकारको नाउँमा परमादेश दिई मिति २०५६।३।२९ मा फैसला, थानेश्वर आचार्य वि. भृकुटी पल्स पेपर उद्योग भएको परमादेश मुद्दामा उद्योगबाट निस्किने विषाक्त पदार्थ नारायणी नदिमा मिसाउदाँ जलचरलाई असर पर्ने हुँदा Tratment plant जडान गर्ने भन्ने आदेश दिई मिति

२०५८।८।१९ गते फैसला भएको छ । अधिवक्ता सन्तोष महतो वि. प्लाष्टिक उद्योग समेत भएको परमादेश मुद्दामा जनस्वास्थ्यमा असर पर्ने प्लाष्टिकको झोला रोक लगाउन सक्ने अधिकार नगरपालिकालाई नभएकोले प्राविधिकबाट राय पेश गर्नु भन्ने मिति २०६१।८।४ मा फैसला भएको छ । अधिवक्ता नारायण देवकोटा वि. नेपाल सरकार भएको परमादेश मुद्दामा वातावरण संरक्षणको विषय आम सरोकारको विषय भएको र सरकार उदासिन भएकोले नागरिकहरुको मौलिक हकको संरक्षक भएकाले अदालत चुप लागेर बस्न हुदैन र वातावरण जोगाउने यस अदालतले पाएको संवैधानिक अधिकार पूरा र पालना गर्न पर्छ भनी अदालतले मिति २०६७४।२१ मा फैसला भएको छ । उक्त फैसलाहरुले वातावरणीय न्यायको पक्षमा फैसला गर्दै विकासका नाउमा गरिने कामहरु वातावरण प्रेमी हुनु पर्ने त्यस्तो नभएमा सरकारले तत्काल त्यस्तो व्यवसायी माथि हस्तक्षेप गरि बन्द गर्नु पर्ने जस्ता निर्देसात्मक आदेशका साथै वातावरण इजलास गठन गर्न समेत आदेश भएकोले यसरी हेर्दा वातावरणीय न्यायको सवालमा सर्वोच्च अदालतवाट ज्यादै महत्वको फैसला भएको छ ।

माथि उल्लेखित प्रधान न्यायलयको फैसलाले वातावरणीय न्याय सम्बन्धी पुऱ्याएको योगदान र सर्वोच्च अदालतले हाल सम्म आफ्नो फैसला मार्फत पुऱ्याएको योगदानलाई वातावरणीय विकास संरक्षण र न्यायमा जनताको अधिकारलाई स्थापित गर्ने सवालमा र सरकारलाई कानून पालना गर्न सचेत गराउने साथै फैसलाको आदेश मार्फत वातावरण रक्षाको लागि महत्वपूर्ण भूमिका रहेको हामी पाउँछौं । तर माथि उल्लेखित मुद्दाहरुको सामान्य चर्चा गरिएको छ अन्य धेरै मुद्दाहरु वातावरण संरक्षणको दिृष्टीकोणमा सर्वोच्च अदालतको फैसलाले महत्वपुर्ण योगदान पुप्याएको छ भन्ने उदाहरणहरु हाम्रो अगाडी नै स्पष्ट रहेको छ तर सर्वोच्च अदालतको आदेशले मात्र कानून र फैसला कार्यान्वयन हुने होइन, कार्यान्वयनमा सरकारको भूमिका महत्वपूर्ण रहेको हुन्छ तर केही नगन्य मुद्दाको आदेश वा फैसला बाहेक धेरै मुद्दाहरु फैसला कार्यान्वयन सरकारी पक्षबाट नभएको कारण वातावरणीय न्याय जनता समक्ष पुग्न कठिन भएको छ । अर्कातर्फ दिनानुदिन वातावरणको ह्रासको कारण मानवजाति, जिवजन्तु दुषित वातावरणवाट पिडित बनिरहेको छ । त्यस तर्फ सरकारले तत्काल कानूनको प्रयोग र सर्वोच्च अदालतको फैसलाको कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

**वातावरण र विकासको सम्बन्धमा :**

वातावरण र विकास छुटै शब्द भएता पनि वातावरणीय न्यायको रोहमा यसको सम्बन्ध एक आपसमा पुरक रहेको छ दुवैको अध्ययन एक साथ गरि निर्कोलमा पुग्नुपर्ने हुन्छ । राज्यले विकासलाई मात्र जोड दिई वातावरणलाई छोडेको खण्डमा अनियत्रित विकासले वातावरणमा पुयाएको क्षेति व्यहोर्न र पुरा गर्न सक्ने अवस्था हुदैन । सन् १९७२ स्टकहोम सम्मेलनमा

मानवीय वातावरणलाई महत्व दिई २६ वटा सिद्धान्तहरु स्थापना गरिएको थियो जसले मानवमात्रको वातावरणीय न्यायको सवालमा उल्लेख गरिएको थियो जसको कारणले विकासमा केही अवरोध पुप्याएको महसुस गरि १९९२ मा रियो सम्मेलनमा २७ वटा सिद्धान्तहरुको घोषणा भएको थियो । यस सम्मेलनले वातावरण र विकासलाई समानरुपमा हेरिनु पर्छ भन्ने विषयमा नेपाल समेत १७८ राष्ट्रका प्रतिनिधिहरुले एक आपसमा छलफल गरि निचोडमा पुगेको हो । यसर्थ प्रत्येक देशले आफ्नो विकास कार्याक्रम गर्दा यि दुवै मान्यतालाई समान ढंगले हेरिनु पर्छ ।

नेपालको सन्दर्भमा वातावरण संरक्षण ऐन २०५३ को प्रस्तावनामा नै वातावरणीय ह्रास हुनबाट बचाँउनका लागि कुनै पनि उद्योग स्थापना वा कुनै व्यवसाय संचालन गर्दा वातावरण प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वास्थ्य वातावरण कायम गर्ने र प्राकृतिक श्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने भन्ने उल्लेख गरी राज्यले विकासको काम गर्दा वातावरणको संरक्षण गरेर मात्र गर्नु पर्छ भन्ने कानूनमा नै उल्लेख भएको पाईन्छ । वातावरण संरक्षण प्रत्येक जनताको समान अधिकारको रुपमा स्थापित गरिएको छ तर विकासको कार्य गर्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरण प्रभाव मुल्याकन (EIA) गरेर मात्र वातावरणसँग सरोकार राख्ने उद्योग वा अन्य विकासका आयोजना संचालन गर्नु पर्छ भन्ने मान्यता स्थापित भएको छ । यदि विकासको कारणले वातावरण विनास हुने वा वातावरणमा प्रभाव वा प्रतिकुल असर पारेमा त्यसको उपचार र अन्य उपयुक्त कानूनी कार्यवाही समेत गर्न सक्ने गरी विभिन्न ऐन, नियमहरुको तर्जुमा भएको छ तर स्वच्छ वातावरण बिनाको विकास सम्भव छ वा विकास बिनाको स्वच्छ वातावरण सम्भव छ भन्ने तर्फ हेर्दा मानव जातिको लागी नै विकास आवश्यकता पर्ने भएकोले विकासको काम हरु गनुपर्छ तर त्यो हद सम्म गर्नुपर्छ जुन हद सम्म वातावरणबाट कुनै पनि मानव जिवनमा प्रत्यक्ष र अप्रत्यक्ष समेत असर नपरोस् किन कि विकासको उपभोग गर्ने अन्ततः मानव जाति नै पहिलो भएकोले वातावरण संरक्षण विनाको विकासको कुनै अर्थ छैन ।

यसै कारणले Rio –declaration on environment and development 1992 principle - ३ ले "the right to development must be fulfilled so at to equitably meet developmental and environmental needs of present and future generation उल्लेख गरिएको छ । यस्तै principal 4 ले "in order to achieve sustainable development, Environmental protection shall constitute an intergral part of the development process and cannot be Considered in isolation it" उल्लेख छ मूलरुपमा यस सम्मेलनको धारा २५मा "peace, development and environmental

protection are interdependent and indivisible" भन्दै वातावरणलाई संरक्षण गर्दै विकास गर्नु पर्छ भन्ने निचोडमा पुगेको देखिन्छ ।

अन्त्यमा ,

नेपालमा वातावरणीय न्याय सम्बन्धी कानूनी अधिकारहरु नभएका भने होइनन् तर भएका कानूनहरुको कम पहिचान र त्यसको कार्यान्वयनमा ढिलासुस्तीको कारणले वातावरणीय अधिकारको सार्थक प्रयोग हुन कठिन भै सकेको छ । प्रत्येक नेपाली जनताहरु वातावरणीय अधिकारमा स्वच्छ हावापानी, स्वच्छ वातावरणमा बाँच्ने नैर्सिगक अधिकार कानूनद्धारा प्रदान भएता पनि व्यवहारमा सुनिश्चित भै सकेको अवस्था भने छैन । सुनिश्चित गराउनको लागि राज्यले प्रमुख भुमिका निर्वाह गर्नु पर्छ । तर नेपालको सन्दर्भमा हेर्दा राज्यले वातावरण संरक्षणको विषयलाई कम महत्व दिएको कारण नै वर्तमान अवस्था सन्तोषजनक रहेको छैन तर सर्वोच्च अदालतले वातावरण संरक्षणको सवालमा ज्यादै महत्वपुर्ण फैसला गर्नुको साथै वातावरणको क्षेत्रमा वातवरणीय विधि शात्रको स्थापना गर्ने काममा अग्रसरता देखिन्छ। सर्वोच्च अदालतको फैसला कार्यन्वयनमा पूर्णरुपमा सरकारले दायित्व निर्वाह गरेको पाइदैन, यति हुदाँ हुदै पनि वातावरण र विकासको सम्वन्धलाई फरकरुपमा अध्ययन र विषलेण गर्न मिल्दैन । सरकार र स्वयम अदालत समेत यस विषयमा सहमत भएको व्यवहारवाट स्पष्ट देखिन्छ। यसर्थ वातावरणको थयोचित संरक्षण गर्दै विकासका कार्यहरु गर्नु मानव, वन्यजन्तु तथा वनसपति समेतको कल्याण भै दिगो विकास सम्भव हुने छ ।

**धन्यवाद**